# संयुक्त प्रेस विज्ञप्ती

नेपाली कांग्रेस गण्डकी प्रदेश र नेकपा एमाले गण्डकी प्रदेशको २ (दुई) दलिय राजनैतिक संयन्त्रको बैठक मिति २०८१ कार्तिक २७ गते मंगलबार नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति श्री शुक्रराज शर्मा ज्यूको अध्यक्षतामा नेपाली कांग्रेस गण्डकी प्रदेशको सभाकक्षमा बस्यो । बैठकमा, नेपाली कांग्रेको तर्फबाट श्री शुक्रराज शर्मा (सभापति-नेपाली कांग्रेस गण्डकी प्रदेश), श्री सुरेन्द्र राज पाण्डे (माननीय मुख्यमन्त्री, गण्डकी प्रदेश), श्री विष्णुप्रसाद लामिछाने, (महामन्त्री-नेपाली कांग्रेस गण्डकी प्रदेश) र नेकपा एमालेको तर्फबाट श्री किरण गुरुङ (इन्चार्ज-नेकपा एमाले गण्डकी प्रदेश), श्री खगराज अधिकारी (नेता-नेकपा एमाले संसदीय दल गण्डकी प्रदेश) र श्री नवराज शर्मा (अध्यक्ष-नेकपा एमाले गण्डकी प्रदेश)को उपस्थिति रहेको थियो ।

**निर्णय हरु:**

१) सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमाले गण्डकी प्रदेशको राजनैतिक संयन्त्रको बैठकको अध्यक्षता दुवै दलको सहमतिमा आलोपालो प्रणाली अनुसार संयोजन गर्ने, बैठकको व्यवस्थापन जुन दलले अध्यक्षता गर्ने हो सोही दलले गर्ने ।

२) गण्डकी प्रदेश भित्रका सबै जिल्लामा केन्द्रको निर्देशानुसार संयन्त्र निर्माण गरी कार्य गर्न निर्देशन दिने,

३) दुई पार्टी बीचको सहकार्यको आवश्यकतालाई जन समक्ष पुऱ्याउन र संयुक्त सरकारले गरेका काम र योजनाको पक्षमा जनमत निर्माण गर्न, सरकारले गरेका कामको बारेमा समिक्षा गर्दै आवश्यकता अनुसार सरकारलाई सुझाव दिने, सहयोग गर्ने र सकारात्मक कामको प्रचार-प्रसार गर्ने ।

४) नेपाली कांग्रेस र नेकपा एमाले बीचमा स्थानीय तहमा कहि कतै विवाद भई समस्या आएमा सम्बन्धित निकायका २ दल बसी तत्काल समस्याको समाधान गरी सहकार्यलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।

५) नेपालको संविधान र कानुनी राज्यको अवधारणाको विरुद्ध भइरहेको जुनसुकै अराजनैतिक, अराजक गतिविधिप्रति यो बैठकको गम्भिर ध्यानाकर्षण भएको छ । यस्ता गतिविधिहरुलाई समयमा नै नियन्त्रण गर्न नेपाल सरकारलाई अनुरोध गर्दै कानुनी राज्यको कार्यान्यिवयनको लागि आवश्यक सहयोग गर्न सबै पक्ष सँग हार्दिक अपिल गर्ने निर्णय गरियो ।

६) गण्डकी प्रदेशका विकास निर्माणका कार्य सम्वन्धमा २ दलिय साझा धारणा सहित अगाडि बढ्ने निर्णय गरियो ।

७) आगामी बैठक नेकपा एमालेको संयोजनमा नेकपा एमाले गण्डकी प्रदेश कार्यालयमा हुने निर्णय गरियो ।

| | |
|---|---|
| शुक्रराज शर्मा | किरण गुरुङ |
| सभापति | ईन्चार्ज |
| नेपाली कांग्रेस गण्डकी प्रदेश | ने.क.पा. एमाले गण्डकी प्रदेश |